नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(वातावरण तथा विपद् व्यवस्थापन शाखा)

सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com


प.सं.: वा.त.वि.व्य.शा.२०७७/०७८
च.नं.: ४१८

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

मितिः २०७८/०३/१६

विषयः विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सिकाई केन्द्र (सञ्चालन तथा व्यवस्थापन) दिग्दर्शन, २०७८ सम्बन्धमा।

श्री महानगरपालिका (सबै),
श्री उपमहानगरपालिका (सबै),
श्री नगरपालिका (सबै)
श्री गाउँपालिका (सबै)।

विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन जस्ता अन्तरसम्बन्धित विषयमा हासिल गरिएका असल अभ्यासहरुलाई एक आपसमा आदान प्रदान गरी विस्तार र प्रवर्द्धनका लागि विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन सिकाई केन्द्रको स्थापना र सञ्चालनका लागि स्थानीय तहलाई सहजिकरण गर्ने उद्धेश्यार्थ यस मन्त्रालयद्वारा तयार भई नेपाल सरकार (मा. मन्त्रीस्तरीय), मिति २०७८/०३/१५ को निर्णयानुसार स्वीकृत "विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सिकाई केन्द्र (सञ्चालन तथा व्यवस्थापन) दिग्दर्शन, २०७८" यसै साथ संलग्न गरी प्रेषित गरिएको व्यहोरा अनुरोध छ।

(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधी शाखा, (वेभसाईटमा अपलोड गरिदिनुहुन) ।

# विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सिकाइ केन्द्र (सञ्चालन तथा व्यवस्थापन) दिग्दर्शन, २०७८

नेपाल सरकार

**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

सिंहदरवार, काठमाडौं

## विषय सूची


भाग १ : परिचय १

१.१ पृष्ठभूमि २

१.२ औचित्य २

१.३ उद्देश्य २

भाग २ : सिकाइ केन्द्रको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था ३

२.१ सिकाइ केन्द्र सञ्चालक समितिको गठन ३

२.२ सिकाइ केन्द्रको काम, कर्तव्य र अधिकार ३

२.२.१ सूचना व्यवस्थापन तथा आधारभूत तथ्याङ्क प्रणाली विकास ३

२.२.२ क्षमता विकास तथा प्रचार प्रसार ४

२.२.३ कृत्रिम घटना अभ्यास एवम् सिकाइ आदान प्रदान ५

२.२.४ सहकार्य र समन्वय ५

भाग ३ : सिकाइ केन्द्रको पूर्वाधार तथा उपकरण ६

३.१. पूर्वाधार तथा उपकरण ६

भाग ४ : सिकाइ केन्द्रको व्यवस्थापन ६

४.१ कर्मचारी व्यवस्थापन ७

४.२ खर्च व्यवस्थापन ७

भाग ५ : विविध ७

अनुसूची - १ ८

विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सिकाइ केन्द्रको लागि न्यूनतम अत्यावश्यक सामग्रीहरूको सूची

## भाग १

## परिचय

### १.१ पृष्ठभूमि

नेपाल भूकम्प, बाढी, पहिरो, चट्याङ, आगलागी, शीतलहर, महामारी, हिमपहिरो, हिमताल विष्फोट, सडक दुर्घटना लगायत विभिन्न विपद्हरू र जलवायु परिवर्तनको असरको उच्च जोखिममा रहेको मुलुक हो । मुलुकको भौगोलिक र भौगर्भिक संरचनाको कारण सुरक्षित पूर्वाधारको निर्माण र बस्ती विकास गर्न चुनौतीपूर्ण रहेको छ । बढ्दो अव्यवस्थित बसोबास तथा शहरीकरण, गरिबी तथा जनचेतनाको कमी, कमजोर भौतिक संरचना निर्माण, सूचनामा सहज पहुँचको कमी र प्रभावकारी विपद् पूर्वतयारी हुन नसक्दा नेपालको समग्र सङ्कटासन्नता झनै बढ्न गएको छ । जलवायु परिवर्तनका कारण हावाहुरी, चट्याङ, खडेरी, असिना, हिमपहिरो जस्ता प्रकोपका घटना र क्षति बढ्दो अवस्थामा छ । जसको असर कृषि, वन, जैविक विविधता, जलस्रोत, उर्जा जस्ता क्षेत्रमा परेको छ । परिणामस्वरूप हरेक वर्ष जनधन, जीविकोपार्जन र भौतिक संरचनाहरूमा ठूलो क्षति पुग्ने गरेको छ।

नेपालको संविधान, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई सुम्पेको छ। संघीय सरकार र प्रदेश सरकारले समुदायलाई उत्थानशील बनाउन स्थानीय तहहरूलाई संस्थागत र प्राविधिक सहयोग गर्ने कानुनी व्यवस्था रहेको छ । स्थानीय तहले समुदायको सन्निकटतामा रही सेवा प्रवाह तथा सामाजिक सुरक्षा प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् । समुदायले बारम्बार सामना गर्दै आएका बहुप्रकोप जोखिमको पहिचान, विश्लेषण गरी प्रभावकारी विपद् व्यवस्थापन गर्ने कार्यमा स्थानीय तहको महत्वपूर्ण भूमिका रहन्छ ।

विपद् उत्थानशीलताको अवधारणाले विपद्बाट सिर्जित चुनौतीहरूको सम्बोधन गर्न आवश्यक ज्ञान, सीप, क्षमता, सहकार्य र समन्वयमा जोड दिन्छ । स्थानीय तहमा स्थापित हुने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन सिकाइ केन्द्रले यस क्षेत्रमा ज्ञान, सीप र क्षमता अभिवृद्धि गरी उत्थानशील समुदाय निर्माणमा महत्वपूर्ण भूमिका खेल्न सक्दछ । सिकाइ केन्द्रले विपद् व्यवस्थापनको पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ र पुनर्निर्माणका कार्यलाई स्थानीय परिवेश अनुकूल समाधानका उपायको खोजी र विकास गर्न सहयोग पुर्‍याउँछ । उल्लिखित सन्दर्भमा स्थानीय तहमा

**विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन**का लागि यो दिग्दर्शन तयार गरिएको छ ।

## १.२ औचित्य

विपद्को पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ पुनर्निर्माण तथा जलवायु परिवर्तन अनुकूलनका कार्यहरूलाई प्रभावकारी रूपमा सम्पादन गर्न तीनै तहका सरकारले आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना र सञ्चालन गर्ने नीतिगत तथा कानूनी व्यवस्था रहेको छ । यसअनुरूप स्थानीय तहले समेत आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना र सञ्चालन गर्ने कार्यको थालनी गरिसकेका छन् । यस्ता केन्द्रहरू सञ्चालन गर्दा प्राप्त भएका अनुभव, सिकाइ र उपलब्धीहरूलाई आम सरोकारवालावीच आदान प्रदान गरी लाभ प्राप्त गर्न आपत्कालीन कार्य सञ्चालन केन्द्रको मातहतमा विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सिकाइ केन्द्रको व्यवस्था गरिएको छ । उक्त सिकाइ केन्द्रलाई सहजीकरण गर्ने, सञ्चालित सिकाइ केन्द्रहरूलाई व्यवस्थित गर्ने र सिकाइ केन्द्रहरूमा एकरूपता कायम गर्ने उद्देश्यले यो दिग्दर्शन तयार गरिएको छ । यस दिग्दर्शनले केन्द्रको कार्य र प्रक्रियालाई व्यवस्थित र विविधिकरण गर्न, सहभागितामुलक र परामर्शमुखी बनाउन र समुदायको सिकाइलाई उत्थानशिलतामा रूपान्तरण गर्न यो दिग्दर्शनले सहयोग पुऱ्याउनेछ ।

## १.३ उद्देश्य

समुदायमा आइपर्ने विभिन्न प्रकारका विपद् र जलवायु परिवर्तनका असर र तिनका कारणहरू पहिचान गरी त्यसबाट सुरक्षित रहन वा तिनको असरलाई न्यूनीकरण गर्न आवश्यक सूचना व्यवस्थापन गर्ने, उत्थानशीलता अभिवृद्धि गर्ने, स्थानीय तहको परिवेश अनुरूप विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सिकाइ केन्द्रको प्रभावकारी कार्यसञ्चालन व्यवस्था मिलाउनु यस दिग्दर्शनको मुख्य उद्देश्य रहेको छ । यसका अन्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

क. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी सूचना सङ्कलन तथा व्यवस्थापन गर्नु,

ख. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी खोज तथा अध्ययन गर्नु,

ग. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी सिकाइका ज्ञान र सीपलाई व्यवस्थापन गर्नु र उपयोग गर्नु,

घ. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्नु,

ङ. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनका अनुभव र सिकाइ आदान प्रदान गर्नु ।

## भाग २ - सिकाइ केन्द्रको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था

स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना भएको स्थानीय तहहरूमा सोही स्थानमा वा त्यसको आसपासमा विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सिकाइ केन्द्रको स्थापना गरिनेछ । साथै उक्त आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना नभएको स्थानीय तहहरूमा स्थानीय तहको पहल तथा समन्वयमा वा निजी क्षेत्र तथा गैससको सहयोगमा विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सिकाइ केन्द्रको स्थापना गरिनेछ ।

### २.१ सिकाइ केन्द्र सञ्चालक समितिको गठन

सिकाइ केन्द्रको व्यवस्थापन तथा सञ्चालनको जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ । उक्त कार्यका लागि सहजीकरण र सहयोग गर्न स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरू मध्येबाट एकजना संयोजक रहने गरी ५ सदस्यीय सञ्चालक समिति गठन गरिनेछ ।

### २.२ सिकाइ केन्द्रको काम, कर्तव्य र अधिकार

विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन सिकाइ केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिमका क्षेत्रहरूमा उल्लेख भए बमोजिम हुनेछ ।

#### २.२.१ सूचना व्यवस्थापन तथा आधारभूत तथ्याङ्क प्रणाली विकास

सिकाइ केन्द्रमा गतिशील तथा वास्तविक तथ्याङ्कमा आधारित व्यवस्थापन सूचना प्रणालीको विकास गर्न देहाय बमोजिमका कार्यहरू गर्नु पर्नेछः

क. सरोकारवाला निकायहरूसँग समन्वय गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनसँग सम्बन्धित सूचना, तथ्याङ्क तथा महत्वपूर्ण भवन, संरचना, स्मारक र अन्य सम्पदाहरूको लगत तयार गर्ने,

ख. स्थानीय स्तरमा रहेका विपद् तथा जलवायु विज्ञ, खानेपानी तथा सरसफाइ विज्ञ, तालिमप्राप्त डकर्मी, सामाजिक परिचालक, इन्जिनियर, प्रशिक्षक लगायतका विज्ञ तथा दक्ष जनशक्तिहरूको सूची अद्यावधिक गर्ने,

ग. सरोकारवाला निकायहरूसँग समन्वय गरी विपद्को लेखाजोखा भएका विषयहरू, स्वयंसेवकहरू, खोज तथा उद्धार कार्यदल, आपत्कालीन आश्रय स्थलहरू, आपत्कालीन प्रतिकार्यको ढाँचा, पूर्वतयारी लगायतका विषयहरूको सूचना तथा अभिलेख अद्यावधिक गर्ने,

घ. स्थानीय तहबाट तयार भएका विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी विषयका नीतिगत सामग्री, सूचना, प्रचार प्रसार सामग्री, वेवसाइट, सुरक्षा उपायहरू (हेल्मेट, पञ्जा, बुट, चाउचाउ, विस्कुट, चिउरा (तयारी खाना), सलाई, बत्ती, प्राथमिक उपचार सामान, टर्चलाईट, रेडियो, प्लाष्टिक डोरी, हथौडा, आदि) लगायतका सामग्री नमूना प्रदर्शनका लागि सङ्कलन गरी राख्ने,

ङ. पूर्वसूचना प्रणालीबारे स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रसंग समन्वय गरी नियमित अभिलेख राख्ने र समुदाय तथा सरोकारवालाहरूलाई सुसूचित गराउने ।

**२.२.२ क्षमता विकास तथा प्रचार प्रसार**

स्थानीय स्तरमा रहेका सरोकारवालाहरू जस्तै : टोल विकास संस्था, महिला समूह, आमा समूह, स्थानीय क्लब, संघ संस्था, विद्यालय, गुठी, बरघर, अगुवा, बाल क्लबका सदस्य लगायत सरोकारवालाहरूको क्षमता विकास तथा विपद् सम्बन्धी ज्ञानको प्रचार प्रसारको लागि निम्न अनुसारको कार्यहरू गर्ने :

क. विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी सचेतना अभिवृद्धि, संवेदनशील विकास, अभिमुखीकरण, ज्ञान अभिवृद्धि, तालिम तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने,

ख. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनका विषयमा समुदायहरूलाई स्थानीय भाषामा समेत सान्दर्भिक पोष्टर, ब्यानर, ब्रोसर र लिफलेटको विकास, डिजाइन र वितरण गर्ने,

ग. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनका विषयका भिडियो डकुमेन्ट्री, रेडियो, टीभी, सामाजिक सञ्जाल, एसएमएस लगायतका विद्युतीय माध्यमद्वारा सूचना प्रवाह गर्ने,

घ. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी व्यवहारिक र खोजमूलक अध्ययन एवम् अनुसन्धान गर्न ईच्छुक व्यक्ति वा संस्थालाई सान्दर्भिक ज्ञान र सूचना उपलब्ध गराएर सहयोग गर्ने,

ङ. स्थानीय स्तरमा रहेका विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनसंग सम्बन्धित परम्परागत ज्ञान, सीप र प्रविधिलाई संरक्षण तथा प्रवर्द्धन गर्ने ।

### २.२.३ कृत्रिम घटना अभ्यास एवम् सिकाइ आदान प्रदान

सिकाइ केन्द्रको अध्ययन अवलोकन भ्रमणमा आउने व्यक्ति, समूह, संघ संस्थाहरूलाई सिकाइ केन्द्रले गर्दै आइरहेका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनका असल अभ्यासहरूलाई प्रत्यक्ष रूपमा अवलोकन गराउन र सिकाइ आदान प्रदान गर्न निम्न क्रियाकलापहरू गर्नु पर्नेछ :

क. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कृत्रिम घटना अभ्यास तथा प्रदर्शन गर्ने,

ख. जोखिम व्यवस्थापन योजना, अनुकूलन योजना, पूर्वतयारी तथा भैपरी योजना, व्यवसाय निरन्तरता योजना, सुरक्षित बहिर्गमन योजना, आपत्कालीन व्यवस्थापन योजना, अत्यावश्यक साम्रग्रीहरूको पूर्व भण्डारण योजना, खुला स्थान व्यवस्थापन योजना, सङ्कट सञ्चार योजना, तनाव व्यवस्थापन योजना, प्रकोप जोखिम लेखाजोखा, सङ्कटासन्नता तथा क्षमता लेखाजोखा सम्बन्धी अनुभव आदान प्रदान गर्ने ।

ग. स्थानीय स्तरमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी भए गरिएका असल अभ्यासका सिकाइ र अनुभवलाई सङ्कलन गर्ने सरोकारवालाहरू माफ आदान प्रदान गर्ने ।

### २.२.४ सहकार्य र समन्वय

सिकाइ केन्द्रको सेवा प्रवाहलाई प्रभावकारी र व्यवस्थित रूपमा सञ्चालन गर्न विभिन्न निकायहरूसंग सहकार्य र समन्वय गर्नेछ,

क. सिकाइ केन्द्रले समुदाय, शिक्षण संस्था, स्वास्थ्य संस्था, स्वयंसेवक कार्यदल, प्रतिकार्य कार्यदल, लगायतसंग समन्वय र सहकार्य गर्ने,

ख. विकास साझेदार तथा अन्य सरोकारवालासंग समन्वय गरी नयाँ ज्ञान, सीप र अनुभवलाई ग्रहण गर्ने,

ग. सूचीकृत विज्ञहरूको सहकार्य र समन्वयमा समुदायलाई उत्थानशील बनाउन केन्द्रले सहयोग गर्ने आवश्यक कार्य गर्ने ।

## भाग ३

## सिकाइ केन्द्रको पूर्वाधार तथा उपकरण

### ३.१. पूर्वाधार तथा उपकरण

सिकाइ केन्द्रको लागि आवश्यक न्यूनतम् पूर्वाधार तथा उपकरणहरू देहाय बमोजिम मिलाउनु पर्नेछः

क. विद्युत, पानी, टेलिफोन, इन्टरनेट सुविधा सहितको कार्यालय वा भवन ।

ख. उच्च क्षमताको डेस्कटप कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन, एलसिडी प्रोजेक्टर, प्रोजेक्टर स्क्रीन, लेजर प्वाइन्टर, स्क्यान मेसिन, क्यामेरा, हिटर, फ्यान, साउण्ड आदि सिस्टम एवं आवश्यक फर्निचरहरू आदि सामग्री ।

ग. ठूलो स्क्रीन भएको टीभी, सेतो पाटी, डिस्प्ले बोर्ड र माइक्रोफोन आदि ।

घ. आवश्यक कम्प्युटर सफ्टवेयर, स्टेशनरी र सर्भेक्षण उपकरण (जिपिएस, टोटल स्टेसन, रिमोट सेन्सिङ, ड्रोन, मेजरिङ टेप डायेप्टा, थोओडालाईट, ग्रामोमिटर, समतल टेबल) आदि ।

ङ दक्ष जनशक्ति तथा विज्ञहरूको अद्यावधिक सूची, सम्बन्धित निकायको ठेगाना र सम्पर्क नम्बर, औजार, नीति नियम, निर्देशिका, निर्माण संहिता, कार्यविधि, मापदण्ड र मार्गदर्शन हातेपुस्तिका, आदि ।

च. सान्दर्भिक पुस्तक, प्रतिवेदन, दस्तावेज, सचेतना जगाउने सामग्रीहरू (पम्प्लेट, ब्रोसर, न्यूजलेटर) तथा अन्य प्रकाशनहरू राखिएको पुस्तकालय ।

छ. भिडियो कन्फरेन्स सुविधा सहितको हल ।

ज. झटपट झोला, प्राथमिक उपचार, Search and Rescue सामग्री आदि ।

**३.२** माथि ४.१ मा उल्लेखित र अन्य पूर्वाधार तथा उपकरणको बन्दोबस्त स्थानीय तहले आफै वा नेपाल सरकार, प्रदेश सरकार वा विकास साझेदार वा निजी क्षेत्र वा नागरिक समाजसंग समन्वय गरी व्यवस्था गर्न सक्नेछ ।

## भाग ४

## सिकाइ केन्द्रको व्यवस्थापन

सिकाइ केन्द्रको दिगोपना तथा निरन्तरता साथै दैनिक रूपमा प्रभावकारी सेवा सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको कर्मचारी र बजेटको व्यवस्था मिलाउन सकिनेछ ।

### ४.१ कर्मचारी व्यवस्थापन

सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापनको लागि छुट्टै कर्मचारीको व्यवस्थापन गर्नुपर्नेछ । कर्मचारी व्यवस्थापनको लागि आवश्यक श्रोत स्थानीय तह आफैले, विकास साझेदार, निजी क्षेत्र, तथा नागरिक समाजको सहकार्यमा व्यवस्था गर्न सक्नेछ । कर्मचारी तोक्दा सामान्यत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन र सूचना प्रविधि अनुभव भएकालाई प्राथमिकता दिनुपर्नेछ । नयाँ कर्मचारी तोक्नुपर्ने भएमा यस विषयको अभिमुखीकरण गरेर मात्र तोक्नु पर्दछ ।

### ४.२ खर्च व्यवस्थापन

सिकाइ केन्द्रको लागि आवश्यक पर्ने बजेट चालु तथा पुँजीगत खर्चको प्रबन्ध स्थानीय तहले वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्नेछ । यस कामको लागि स्थानीय तहले विपद् व्यवस्थापन कोषको उपयोग गर्न सक्नेछ । यसका साथै विकास साझेदार वा निजी क्षेत्र, गैससको सहयोग लिएर कार्य गर्न सक्नेछ ।

## भाग ५

## विविध

क. सिकाइ केन्द्रले गरेका गतिविधिहरूको वार्षिक रूपमा प्रगति प्रतिवेदन स्थानीय विपद् व्यवस्थापन समितिमा प्रस्तुत र छलफल र गाउँ, नगर कार्यपालिकामा उक्त प्रतिवेदनबारे जानकारी गराउनु पर्नेछ ।

ख. यस दिग्दर्शनमा उल्लेख नभएका विषयहरूको सम्बन्धमा स्थानीय तहले प्रचलित कानून बमोजिम आवश्यक व्यवस्था गर्नेछ ।

**अनुसूची - १**

विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सिकाइ केन्द्रको लागि न्यूनतम अत्यावश्यक सामग्रीहरूको सूची

| क.सं. | सामाग्री | थान |
|---|---|---|
| १ | टेलिभिजन ४८ ईन्च वा सो भन्दा ठूलो | १ |
| २ | टेलिफोन | १ |
| ३ | इन्टरनेट व्यवस्थापन (वाई फाई समेत) | १ |
| ४ | मल्टिमिडिया प्रोजेक्टर | १ |
| ५ | क्यामेरा (जुम सहित) | १ |
| ६ | डेस्कटप कम्प्युटर तथा प्रिन्टर | १ |
| ७ | इन्भर्टर ब्याकअप | १ |
| ८ | सोलार सिस्टम | १ |
| ९ | दराज | ३ |
| १० | फोटोकपी मेशिन | १ |
| ११ | फ्याक्स | १ |
| १२ | डिजिटल डिस्प्लेको व्यवस्था | १ |
| १३ | साउण्ड सिस्टम | १ |
| १४ | हार्ड डिस्क (१ टि. वी) | २ |
| १५ | कुर्सी | १० |
| १६ | अन्य फर्निचर आवश्यकता अनुसार तयारी | |
| १७ | हिटर वा फ्यान | ३ |